एघारौं गाउँसभा अधिवेशन (बजेट अधिवेशन)
मिति २०७९/०३/१० गते

**निर्णय नं. १** यस बेलडाँडी गाउँपालिकाको आ.व.२०७९/०८० को लागि एघारौं गाउँसभा अधिवेशन (बजेट अधिवेशन) मा प्रस्तुत गरिएको देहायको **नीति तथा कार्यक्रमलाई** स्विकृत गर्ने निर्णय सर्वसम्मतबाट पारित गरियो ।

देहायः-

गाउँसभाबाट स्विकृत मिति २०७९/०३/१० गते

क्रमशः

हरिश चन्द्र रजा
गाउँपालिका अध्यक्ष

बेलडाँडी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बेलडाँडी,कंचनपुर

आ.ब. २०७९/०८० का नीति तथा कार्यक्रम

## एघारौ गाउँसभा अधिवेशन

बेलडाँडी गाउँपालिकाको आर्थिक बर्ष २०७९/२०८० को नीति तथा कार्यक्रममा उपस्थित कार्यक्रमका प्रमुख अतिथि तथा संविधान सभा सदस्य श्री दिवान सिंह बिष्ट ज्यू , बिशिष्ट अतिथि ज्यूहरु,बिशेष अतिथि ज्यूहरु, उपाध्यक्ष ज्यू तथा सम्पूर्ण सभासद ज्यूहरु ।

यस गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकिय अधिकृत लगायत ,सम्पूर्ण राष्ट्रसेवक कर्मचारी मित्रहरू !

१. नेपालको संबिधान बमोजिम संघिय शासन ब्यवस्थालाई स्थानिय तह देखि नै सुढृढीकरण गरी स्थानिय सरकारको माध्यम द्वारा जनताको दिगो शान्ती,सुशासन विकास र समद्धिका आकांक्षा पुरा गर्ने तर्फ, अगाडी बढिरहको समयमा,स्थानिय स्तरका बिभिन्न समस्या,चुनौति र असहज परिस्थितिमा बेलडाँडी गाउँपालिकाको आर्थिक बर्ष २०७९/०८० को बार्षिक नीति तथा कार्यक्रम यस सम्मानित गाउँसभामा प्रस्तुत गर्न पाउँदा खुसि लागेको छ ।

१. राष्ट्रहित ,लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले पटक पटक गर्दै आएको ऐतिहासिक जनआन्दोलन तथा सशस्त्र संर्घष लगायत विभिन्न आन्दोलनमा जीवन आहुती गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धासुमन अपर्ण गर्दछु । साथै बिभिन्न राजनितिक आन्दोलनका क्रममा बेपत्ता र पिडित नागरिकहरुप्रति उच्च सम्मान र सहानुभूति प्रकट गर्दछु ।

२. स्थानिय सरकार वनेको पाचँ बर्ष पुरा भई सकेको छ । नयाँ अनुभव र अभ्यासका साथ नेपालको संविधानले निदृष्ट गरे बमोजिम संघिय प्रणालीलाइ संस्थागत गर्न बेलडाँडी गाउँपालिकाले नेपाल सरकार ,प्रदेश सरकारसँग सहकारीता,सहअस्तित्व र समन्वयका सिद्धान्त बमोजिम निकै महत्वपूर्ण र ठोस उपलब्धिहरु हसिल गर्दै हाम्रो सरकार अगाडी बढ्ने छ । स्थानिय सरकार सँग बिभिन्न जटिल समस्या तथा चुनौतिपूर्ण मोडमा लोकतन्त्रको संस्थागत बिकास गर्न सदा सजग र संवदेनशिल रहि हाम्रो सरकार काम गर्ने छ, नतिजा ल्याउनेछौ र अघि बढ्नेछौ ।

सभाका सदस्यज्युहरु,
अब म आथिक बर्ष २०७९/८०को लागि प्रस्तावित निति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्दछु:

१. पञ्च बर्षिय एकिकृत गुरुयोजना निर्माण गरिनेछ साथै समृद्धि आयोजना संचालन गरिने छ ।
२. विषयगत समितिहरु निर्माण गरिनेछ । साथै, सल्लाहकार परिषद गठन गरिनेछ ।
३. बिभेद, जोखिम र असमानता मुक्त साथै सामाजिक न्यायायुक्त नेपालको नमुना गाउँको रूपमा विकसित गरिने छ ।

४. विज्ञान विद्यालय संचालन गर्न, बहु प्राविधिक विद्यालय स्थापना गर्न, माध्यमिक तहसम्म गुणस्तरीय शिक्षा निःशुल्क बनाउन योजना एवं कार्यविधी तयार गरिनेछ ।

५. बेलडाँडी गाउँपालिका क्षेत्रभित्र रहेका प्रमुख ताल तलैया, धार्मिक, ऐतिहासिक, पुरातात्विक, सास्कृतिक, पर्यटकीय क्षेत्रको संरक्षण र सम्वर्धन गरिने छ ।

६. बेलडाँडी गाउँपालिका भित्रका भूमिहीन दलित , भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको लगत सकलन गरी यथाशीघ्र निस्सा वितरण गरिनेछ साथै मुक्त कमैया हलिया कमलरी तथा आरक्ष पिडित एवम् विस्थापितहरुको उचित व्यवस्थापनका लागि आवश्यक पहल गरिनेछ ।

७. विपन्न लक्षित कार्ययोजना निर्माण गरिनेछ । किसान क्लबहरु निर्माण गरिनेछ ।

८. ईलम विकास केन्द्र संचालन गरिनेछ ।

९. गरिबसंग बि.पि. कार्यक्रम संचालन गरिने छ ।

१०. उपाध्यक्ष कोशेली उपहार कार्यक्रम अन्तगत छोरी जन्ममा प्रोत्साहन भत्ता स्वरुप रु. ३०००/–तीन हजार) दिईनेछ ।

११. विपन्न गरिब, लक्षित वर्ग, मुक्त कमैया, कमलरी, एकल महिलालाई ३० यूनिटसम्म विद्युत महशुल निःशुल्क गरिनेछ ।

१२. अति विपन्न, असहाय, जेष्ठ नागरिक तथा गर्भवती र सुत्केरी महिलालाई गाउँपालिकाभित्र एम्बुलेन्स सेवा निःशुल्क तथा पालिका बाहिर ५० प्रतिशत निःशुल्क गरिनेछ ।

१३. स्थानिय सुरक्षा ऐन, स्थानीय भवन संहिता र शिक्षा कार्यविधि तत्काल निर्माण गरिनेछ ।

१४. कर्मचारी व्यवस्थापन तथा आन्तरिक नियन्त्रण प्रयाली तयार गरिनेछ ।

१५. स्थानिय तहमा न्यायिक अभ्यासलाई संस्थागत गर्न नेपालको संविधान र कानुन बमोजिम न्यायिक समिति गठन भई न्याय सम्पादनमा आपसी छलफल र मेलमिलापका माध्यमबाट समाधान गरिने छ । साथै योजना कार्यान्वयनका क्रममा स्थानियहरु बिच भएका विवादमा समेत स्थानिय न्यायिक समितिले मेलमिलाप मार्फत विवाद समाधान गरेमा न्यायिक समितिको सक्षमता अभिवृद्धि हुदै जाने र स्थानिय न्यायिक समिति प्रति नागरिकको जनआस्थामा उल्लेख्य रुपमा बृद्धि हुदै जाने छ । यसले "हाम्रो घर शान्ती नै विश्व शान्ती" को मान्यतालाई व्यवहारिक रुपमा स्थापित हुनेछ ।

१६. विवाद समाधानका लागि मेलमिलाप तथा मध्यस्थता सेवालाई न्यायिक समिति मार्फत थप प्रभावकारी वनाईने छ ।

१७. वडामा मेलमिलाप केन्द्र गठन गरि मेलमिलाप मार्फत विवाद समाधान गरि शान्ती स्थापना गर्न केन्द्रका रुपमा विकसित गर्न थप सक्रियता बढाइने छ ।

१८. आर्थिक, सामाजिक, वा शैक्षिकदृष्टिले पछाडी परेका महिला, दलित, आदिबासी जनजाती, पिछडावर्ग, अल्पसंख्यक, अपांगता भएका व्यक्ति, किसान, श्रमिक, उत्पीडित वा पिछडिएका क्षेत्रका नागरिक तथा आर्थिकरुपले विपन्न समुदायहरुका लागि न्यायमा पहुँच र न्यायिक शिक्षाका कार्यक्रम संचालन गरिने छ ।

१९. बेलडाँडी गाउँपालिकाले नेपालको संविधानको अनुसुचि ८ मा उल्लेखित स्थानिय तहका एकल अधिकार सूचिमा प्राप्त अधिकार क्षेत्रभित्रका विषयमा जारी गरेका ऐन नियम, निर्देशिका र मापदण्ड

लाई कार्यान्वयनमा ल्याइने छ साथै बाँकी रहेका ऐन नियम, निर्देशिका र मापदण्ड यस आ.व. मा जारी गरि कायान्वयनमा ल्याइने छ ।

२०. गाउँपालिका क्षेत्रभित्र संचालन हुने सहकारी संस्थाको दर्ता, अनुमति, नियमन र व्यवस्थापनलाइ प्रभावकारी बनाउदै स्थानिय सहकारी संस्थाको प्रवर्द्धन,परिचालन,बिकास र क्षमता अभिवृद्धि तथा प्रवर्द्धनात्मक कार्यक्रम गरिने छ ।

२१. सहकारी सम्बन्धी स्थानिय तथ्याङ्क व्यवस्थापन ,अध्ययन तथा अनुसन्धान गर्न सहकारीहरुको विस्तृत सर्वेक्षण गरि सहकारीहरुको प्रोफायल तयार गरि आधारशिला कायक्रम संचालन गरिने छ ।

२२. बेलडाँडी वडा नं ५ अन्तरगत ईमलिया गाउँको ७२ बिघा (दर्ता जग्गा )मा शुक्लाफाटाँ राष्ट्रिय निकुञ्जसंग बारम्बार सिमा विवाद भइरहने भएकाले उक्त क्षेत्रको सिमाना व्यवस्थापनका र सिमाना घेरबारका लागि सम्बन्धित सरोकारवालाहरु संग सम्बन्वय तथा सहकार्यमा पहल गरिने छ।

२३. लक्षित वर्ग सहायता कोष स्थापना (जेष्ठ नागरिक , बालबालिका, दलित समुदाय,महिला ,अपाङ्गता भएका र पिछडिएका वर्गहरुका लागि)

२४. नगर यातायात गुरुयोजना, वार्षिक खरिद योजना वार्षिक तथा खरिद गुरुयोजना निर्माण गरिने छ ।

२५. फोहरमैला व्यवस्थापन तथा औद्योगिक ग्राम स्थापनाका लागि आवश्यक पहल गरिने छ ।

२६. गाउँपालिका क्षेत्र भित्रको जमिनको वर्गिकरणका लागी आवश्यक ऐन ,नितिनियम र कार्यविधिको निर्माण गरि लागु गरिने छ ।

२७. उपाध्यक्ष- १४ ओटै विद्यालयमा निःशुल्क स्वास्थ्य परिक्षण तथा पाठेघरको समस्या भएका महिलाहरुका लागि. निशुल्क स्वास्थ्य परिक्षण कार्यक्रम संचालन गराइने छ ।

२८. उपाध्यक्ष- किशोरी बालिकासंग अन्तरकृया कार्यतक्रम गरिने छ ।

२९. उपाध्यक्ष अपाङ्ग तथा अशक्तहरुसंग छलफल तथा मनोरञ्जन कार्यक्रम तथा व्यवसायीक सीपमूलक तालिम सञ्चालन गरिने छ।

३०. उपाध्यक्ष- असहाय एकल महिला तथा ३५ वर्ष भन्दा माथिका अविवाहीत महिलाहरुका लागि न्यूनतम रोजगारी कार्यक्रम एवम् सीपमूलक तालिम सञ्चालन गरिने छ ।

३१. उपाध्यक्ष -दलित अल्पसंख्यक तथा तेस्रो लिङ्गिहरुका लागि सीपमूलक तालिम सञ्चालन गरिने छ ।

३२. उपाध्यक्ष —लागु औषध नियन्त्रणका लागि स्थानीय जनप्रतिनिधी वाल क्लवहरु विद्यालयका प्रधानाध्यापक तथा स्थानीय सुरक्षा निकाय प्रमुख/प्रतिनिधीहरु विच अन्तरक्रीया कार्यक्रम संचालन गरिने छ ।

३३. उपाध्यक्ष —खानेपानी तथा सरसफाइ व्यवस्थापन सम्बन्धि कार्यक्रम संचालन गरिने छ ।

३४. उपाध्यक्ष —जेष्ठ नागरिक संग अन्तरकृया कार्यक्रम संचालन गरिने छ ।

सभाका सदस्यज्युहरु,

स्वास्थ्य तर्फः

१. आधारभुत स्वास्थ्य सेवामा सबै नागरिकहरुको सर्वसुलभ पहुचका लागि आवश्यक प्रबन्ध गरिने छ ।

२. प्रजनन स्वास्थ्य अन्तरगत गर्भवती तथा सुत्केरी महिलाका लागी आवश्यक स्वास्थ्य सेवाको व्यवस्थाका लागि पहल गरिने छ ।

३. गर्भवती तथा सुत्केरी महिलाका लागि चौबिसै घण्टा निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराईने छ ।

४. जेष्ठ नागरिकहरुको निशुल्क स्वास्थ्य परिक्षणको प्रवन्ध मिलाईने छ ।

५. आयुर्वेद उपचार पद्दतिलाई बैकल्पिक उपचार पद्दतीको रुपमा बिकास गर्दै लगिने छ ।

६. आधारभुत अस्पताल स्थापना गरि बिशिष्ठ स्वास्थ्य सेवाको उपलब्ध गराउन जोड दिईने छ ।

७. स्वास्थ्य सेवालाई घर दैलो सम्म पुर्याउन महिला स्वयं सेविका कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ ।

८. लैङ्गिक बिभेदलाई न्यूनिकरण गर्न बालिका शिशु स्याहार कार्यक्रम अन्तरगत प्रोत्साहन भत्ताको उपलब्ध गराईने छ ।

९. गर्भवती तथा सुत्केरी महिला र बालबालिकाको स्वास्थ्य स्थितिमा सूधार ल्याउन आवश्यक कार्यक्रम लागु गरिने छ ।

१०. किशोर किशोरिहरुको शारिरीक तथा मानशिक स्वास्थ्य प्रवर्धनका लागि जनचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिने छन ।

<u>कृषी बिकास शाखाका निति तथा कार्यक्रमहरू</u>

१. विभिन्न मौषममा उत्पादन हुने खाध्यान्न बालिका विउविजन सुलभ रूपमा उपलब्ध गराइनेछ।

२. मौषमी तथा बेमौषमी तरकारीका विउविजन सुलभरूपमा उपलब्ध गराइनेछ ।

३. मौषमी तथा बेमौषमी तरकारी खेतीको माध्यमबाट रोजगारी सिर्जना गराइनेछ ।

४. खाध्यान बालिमा उन्नत खालको विउ दिइ उत्पादन तथा उत्पादकत्व वृद्धी गराइनेछ ।

५. कृपिका विभिन्न माध्यम बाट उत्पादन र उत्पादकत्व बृद्धि गराई कृषि जन्य वस्तुको आयात लाई शुन्यमा झारी निर्यातमा जोड दिइनेछ ।

६. यस गा पा. अन्तर्गतका पाच (५) वटै वडामा विभिन्न बालिका पकेट पुर्णरूपमा स्थापना गरिनेछ ।

७. यस गा.पा का बढी भन्दा बढी कृपकलाइ व्यवसायीक बनाउन जोड दिइनेछ।

८. साना सिचाइको माध्यमबाट कृषक समुहलाइ सिचाइ प्रदान गरी बाहै महिना खेती गराउन प्रोत्साहन गराईनेछ।

९. यस गा. पा. अन्तरगतका अत्याधिक कृपक,बालबालिका,बृद्ध,युवा र अन्य लाइ मौषमी तथा बेमौषमी तरकारी च्याउ र अन्यको माध्यम बाट पोषणमा सुधार ल्याउन जोड दिइनेछ।

<u>महिला विकास तर्फः</u>

आर्थिक वर्ष २०७९/०८० का लागि बेलडाँडी गाउँपालिकाको महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपांगताको क्षेत्रमा देहायबमोजिमका नीति तथा कार्यक्रम रहेका छन ।

१. बेलडाँडी गाउँपालिकालाई महिला मैत्री पालिकाको रुपमा स्थापित गराउने।

२. लैङ्गिक हिंसा , घरेलु हिंसा , महिला विरुद्ध हुने सबै प्रकारका हिंसा निवारणका लागि विभिन्न सचेतनामूलक कार्यक्रमहरु तथा विभिन्न अभियान सञ्चालन गरिने छन् ।

३. पिडित महिलाका लागि कार्यविधि निर्माण गरि अल्पकालिन सेवाकेन्द्र सञ्चालन गरिनेछ। तथा लैङ्गिकहिंशा निवारण कोष बढाइने छ ।

४. शिप तथा व्यबशायिकता बिकाश गरि महिलाहरुलाइ आत्मनिर्भर बनाइने छ साथै बिभिन्न सचेतनामुलक कार्यक्रम सञ्चालन गरि लैङ्गिक बिभेद अन्त्य गरिने छ।

५. बाल अधिकार का चारै आयामको शुनिश्चितता गरिने छ । बालक्लब तथा बालसञ्जाल गठन गरि, बालसहभागिताको अधिकारलाई सुनिश्चित गरिने छ।

६. टुहुरा , अपाङ्गता भएका तथा घरबारविहिन बलबालिकाको हकअधिकार संरक्षणका लागि बिशेष पहल गरि बालमैत्रि बातावरण सिर्जना गरिने छ ।

७. ज्येष्ठनागरिकहरुका अनुभवहरु आदान प्रदान गर्न तथा समस्याहरु बुझ्न सरोकारवालोविच अन्तरक्रिया सम्मान कार्यक्रम गरीनेछन ।

८. ज्येष्ठनागरिकहरुको स्वास्थ्य सुरक्षाका लागि विशेष व्यवस्था गरिने छ ।

९. अपाङ्गता भएका व्यक्तिहरुको क्षमता बिकासका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिने छन ।

१०. मध्यम तथा सामान्य अपाङ्गता भएका व्यक्तीहरुको मागमा आधारित सीपहरु सिकाइ आत्मनिर्भर बनाउन सहयोग गरिने छ।

११. भारत संगको खुला सिमाना भएका कारण हुनसक्ने मानव वेचबिखन,चोरी डकैती, लागुपदार्थको ओसारपसार नियन्त्रणका लागि अनुगमन समिति तथा नियन्त्रण समितिहरु लाइ ससक्त र सक्षम बनाइने छ।

**शैक्षिक नीति:**

१. आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धमा नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा उल्लेखित काम कर्तव्य र अधिकारहरुको कार्यान्वयनका लागि शिक्षा सम्बन्धी गाउँपालिका स्तरीय ऐन, नियम तथा कार्यविधि लगायतका कानुन तर्जुमा गरी कार्यान्वयन गरिने छ ।

२. पूर्व प्राथमिक विद्यालय उमेर समूहका सबै बालवालिकाको प्रारम्भिक बालविकास शिक्षामा समतामूलक पहुँच सुनिश्चित हुने गरी प्रारम्भिक वालविकास केन्द्रको व्यवस्थापन तथा नियमनमा सुधार गरिने छ ।

३. सबै बालवालिकालाइ विद्यालय भर्ना गर्ने व्यवस्था मिलाइ अनिवार्य तथा निशुल्क शिक्षा सुनिश्चित गरिने छ ।

४. सार्वजनिक विद्यालयको भौतिक, शैक्षिक र व्यवस्थापकीय पक्षमा सुधार गरिने छ ।

५. विद्यालय नक्साङ्कनको आधारमा विद्यालय समायोजन तथा विद्यार्थी अनुपात र विषयगत आधारमा दरबन्दी मिलान गरिने छ ।

६. शैक्षिक सूचना व्यवस्थापन प्रणाली व्यवस्थित गरी शैक्षिक सूचना तथा अभिलेखलाइ अद्यावधिक गर्ने कार्यलाइ निरन्तरता दिइने छ ।

७. विद्यालय शिक्षालाइ गुणस्तरयुक्त बनाउन स्थलगत अनुगमन, निरीक्षण तथा सुपरिवेक्षणको व्यवस्थालाइ थप प्रभावकारी बनाइने छ ।

८. शिक्षकहरुको पेशागत विकास तथा दक्षता विकासका लागि आवश्यक तालिम, गोष्ठी, अभिमुखीकरणको प्रवन्ध गरिने छ ।

९. विद्यालयमा खेलकुद विकास र अतिरिक्त क्रियाकलापका माध्यमबाट अनुशासनको विकास गर्दै विद्यार्थीको बहुआयामिक प्रतिभाको विकास गरिने छ ।

१०. न्युन पारिश्रमिक भएका विद्यालय कर्मचारी तथा बालविकास शिक्षकलाइ केन्द्र सरकार निर्धारण गरे बमोजिम गत वर्ष देखि दिदै आएको अनुदानलाइ निरन्तरता दिइने छ ।

११. न्युन पारिश्रमिक भएका शिक्षक (निजी शिक्षक) का लागि प्रोत्साहन सुविधामा वृद्धि गर्न अनुदानको व्यवस्था मिलाइने छ ।

१२. निजी विद्यालयहरुको प्रभावकारी नियमन गरिने छ ।

१३. सार्वजनिक पद धारण गरेका पदाधिकारीहरुले आफ्ना बालवालिकाहरु अनिवार्य रुपमा सामुदायिक विद्यालयमा भर्ना गर्ने नीति अवलम्बन गरिने छ ।

१४. सार्वजनिक विद्यालयको सामाजिक परीक्षण तथा आर्थिक कारोवारको लेखा परीक्षणलाइ अनिवार्य शर्तका रुपमा लागु गरिने छ ।

१५. माध्यमिक विद्यालयमा प्रविधिमा आधारित शिक्षाको पहुँचमा विस्तार गरिने छ ।

१६. सामुदायिक सिकाइ केन्द्रहरुको माध्यमबाट अनौपचारिक खुल्ला तथा निरन्तर सिकाइका कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक पहल गरिने छ ।

१७. उत्कृष्ट विद्यालय शिक्षक तथा विद्यार्थीहरुलाइ प्राप्त शैक्षिक उपलब्धीका आधारमा सम्मान तथा पुरस्कृत गर्ने कार्यलाइ निरन्तरता दिइने छ ।

१८. गत आर्थिक वर्ष तर्जुमा गरिएको हाम्रो बेलडाँडी नामक कक्षा १-८ को स्थानीय पाठ्यक्रम नेपाल सरकारबाट लागु हुने तालिका अनुसार कार्यान्वयनमा ल्याइने छ ।

१९. सामुदायिक सिकाइ केन्द्रहरुको माध्यमबाट अनौपचारिक खुल्ला तथा निरन्तर सिकाइका कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक पहल गरिने छ ।

२०. उत्कृष्ट विद्यालय शिक्षक तथा विद्यार्थीहरुलाइ प्राप्त शैक्षिक उपलब्धीका आधारमा सम्मान तथा पुरस्कृत गर्ने कार्यलाइ निरन्तरता दिइने छ ।

२१. गत आर्थिक वर्ष तर्जुमा गरिएको हाम्रो बेलडाँडी नामक कक्षा १-८ को स्थानीय पाठ्यक्रम नेपाल सरकारबाट लागु हुने तालिका अनुसार कार्यान्वयनमा ल्याइने छ ।

पशुपंछि विकास तर्फः

१. उत्पादन तथा उत्पादकत्व वृद्धिमा उन्नत पशु नश्ल सुधार र आधुनिक औजारको प्रयोगमा जोड दिइनेछ साथै स्थानिय पशु प्रजातिको संरक्षण गरी दुग्ध, मासुजन्य र अण्डा उत्पादनमा जोड दिइनेछ ।

२. किसानको क्षमता अभिवृद्धिका लागी आवश्यक पहल गरिनेछ ।

३. पशु विकासमा संलग्न निकाय तथा संस्थासंग समन्वय र सहकार्य गरी पशुपन्छि विकासमा एकद्वार प्रणाली अपनाइनेछ ।

४. पशुपन्छि संरक्षणका लागी बन्यजन्तुबाट हुने नोक्सानिको नियन्त्रणमा जोड दिइनेछ।

५. पशुपालनलाई आधुनिकीकरण र व्यवशायिकरणमुखी बनाउदै गाउँलाई मासु दुध, अण्डामा आत्मनिर्भर बनाइनेछ। ।

६. छाडा चौपाया नियन्त्रण तथा व्यवस्थापनमा जोड दिइनेछ ।

सामाजिक विकास तर्फः

१. लोकसेवाको तयारीमा रहेका गरिब , अशक्त , पिछडिएका विपन्न वर्गका विद्यार्थिहरुलाई लोकसेवा आयोगले लिने परिक्षा संग सम्बन्धित रहि लोकसेवा विशेष तयारी कक्षा सञ्चालन गरिनेछ ।

२. मानवबेचबिखन तथा ओसारपसार नियन्त्रका लागि आवश्यक जनचेतनामुलक अभिमुखिकरण तथा तालिम सञ्चालन गरि मानव बेचबिखन तथा ओसारपसारलाई न्यूनिकरण गर्न आवश्यक पहल गरिनेछ ।

३. मानवबेचबिखन तथा ओसारपसार विरुद्ध जनचेतना जगाउँन मुख्य मुख्य स्थानमा होर्डिङ्ग बोर्ड राखिनेछ ।

४. अनलाईन पञ्जिकरण तथा सामाजिक सुरक्षा सम्बन्धी तालिमहरु द्वारा व्यवस्थित घटना दर्ता तथा सामाजिक सुरक्षा प्रणाली निर्माण गरिनेछ ।

प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फः

१. देशमा विद्यमान बेरोजगारी दर कम गर्नका लागि यस स्थानीय तहका बेरोजगार व्यक्तिहरुलाई रोजगारी प्रदान गर्नका लागि आवेदन दर्ता भएका बेरोजगार व्यक्तिहरुलाई रोजगार सेवा केन्द्रमा सूचिकृत गरिनेछ ।

२. स्थानीय तहको रोजगार सेवा केन्द्रमा सूचिकृत भएका बेरोजगारहरुलाई यूवा रोजगारीका लागि रुपान्तरण पहल आयोजनाहरु तथा कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजनाहरु सञ्चालन गरी न्यूनतम रोजगारीको प्रत्याभूती गराइनेछ।

३. COVID-19 तथा आर्थिक अभावको कारणबाट बैदेशिक रोजगारीमा जान नपाएका तथा विदेशबाट फर्किन बाध्य भएका व्यक्तिहरुलाई सूचिकृत गरी विशेष प्राथमिकता साथ रोजगारी प्रदान गरिनेछ ।

४. दक्ष तथा सक्षम जनशक्तिको विकास गरी आन्तरिक रोजगारीका प्रवर्धन गर्न आवश्यक सीपमूलक तालिमको पहिचान गरी बेरोजगार व्यक्तिलाई तालिम दिइनेछ ।

५. संघ तथा प्रदेशले ल्याएको रोजगारमूलक कार्यक्रममा अपनत्व कायम गर्दै रोजगारीका क्षेत्र विस्तार गरिनेछ ।

६. आन्तरिक रोजगारी सिर्जना गर्न सरोकारवाला निकाय र निजी सहकारी तथा गैर सहकारी क्षेत्र सँग समन्वय र सहकार्यमा जोड दिइनेछ ।

७. वैदेशिक रोजगारी बाट फिर्ता आएका श्रमिकहरुको सिप पहिचान गरी स्वरोजगारमूलक कार्यमा संलग्न गराउन पहल गरिनेछ साथै स्वरोजगारमूलक कार्यमा संलग्न स्थानीय यूवा उद्यमीहरुलाई प्रोत्साहित गरिनेछ ।

८. श्रम सम्वन्ध लाई प्राथमिकता दिईदै सार्वजनिक पुर्वाधार निर्माण, कृषि, व्यवसायिक उद्योग,वित्तिय क्षेत्रबाट रोजगारी सिर्जनामा जोड दिइनेछ ।

९. रोजगार सेवा केन्द्रलाई थप सुदृढिकरण गरी श्रम बैंकको रुपमा स्थापित गरिनेछ ।

१०. पालिका स्तरिय नियमित विकास निर्माणका योजनाहरुमा आवश्यक श्रमिकहरुको लागि रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगार व्यक्तिहरुलाई प्राथमिकता दिइनेछ ।

११. यूवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना तथा कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजनाहरुलाई थप सशक्त रुपमा सञ्चालन गरिनेछ ।

१२. संघीय सरकारवाट प्राप्त बजेट श्रमिकको ज्यालामा मात्र खर्च गर्नुपर्ने भएकोले आयोजनामा लाग्ने निर्माण सामाग्री तथा औजारहरुको लागि पालिकाबाट बजेट विनियोजन गरिनेछ ।

१३. यस पालिका भित्र बसोबास गर्ने अति विपन्न परिवारहरुको पहिचान गरी न्यूनतम आवश्यकता बाट बञ्चित नहोउन भन्ने उद्देश्यले आन्तरिक रोजगारी वा स्वरोजगारीमा संलग्न गराउने कार्य पहिलो प्राथमिकता हुनेछ ।

सभाका सदस्यज्युहरु,

पुर्वाधार विकास तर्फः

१. गाउँपालिकाबाट नक्सापास नगरी भौतिक संरचना तथा घर निर्माण गर्ने र स्वीकृत मापदण्ड विपरित निर्माणकार्य गरिएका संरचनालाई विषेश व्यवस्था सहित कानुनी दायरामा ल्याई त्यस्ता कार्य गर्नेलाई निरुत्साहित गरिने छ ।

२. गाउँपालिकाले तोकेको सडकको अधिकार क्षेत्रभित्र बनेका संरचना जुनसुकै बखत हटाईने छ ।

३. बिकासमा निश्चित उद्देश्य हाशिल गर्न अपानाईने रणनिति, समय, कृयाकलापहरु र साधन स्रोतको संयोजन गरि योजनाबद्ध बिकासको सुरुवात गर्न अतिआवश्यक बाहेकका नयाँ आयोजना नथप्ने र कार्यान्वयनमा रहेका तथा अधुरा आयोजनाहरुलाई सम्पन्न गर्न बजेट व्यवस्थापन संगै आयोजना विगत देखी संचालित क्रमागत योजनाहरुलाई आगामी आ ब मा निरन्तरता दिईने छ भने पुर्वाधार निर्माणको कार्यलाई व्यवस्थित गर्न मर्मत संभारकोष स्थापना गरि आवश्यक कार्यविधि बनाई व्यवस्थित बनाउदै लगिने छ ।

४. उपभोक्ता समितिले हेविमेशिनरी उपकरणको प्रयोग गरी कार्यान्वयन हुने गरी कार्यालय संग योजना कार्यान्वयनको सम्झौता भएमा आगामी आ. ब. बाट नियमानुसार बहाल कर कट्टी गरि भुक्तानी दिने प्रणालीको बिस्तार गरिने छ ।

**सुशासन तथा सेवा प्रवाह**

१. कर्मचारी समायोजन एवं व्यवस्थापन पश्चात भएको कर्मचारीको पुर्ती संगै कर्मचारीहरुको उच्च कार्यसम्पादन एवं लगनशिलताका कारण सेवा प्रवाहमा चुस्तता आएको छ ।

२. राष्ट्रसेवक कर्मचारीहरु नियमितरुपमा कार्यालयमा उपस्थित भई उच्च मनोबलका साथ सेवा प्रवाह गरि स्थानिय सरकारका प्रतिफलहरुलाई नागरिक समक्ष पुर्याउन खेलेको सकारात्मक भुमिकाको सदा सर्वदा स्मरण गरिने छ ।

३. नव प्रवर्धक र सृजनसिल कार्य गर्ने सबै तहका राष्ट्रसेवकहरुलाई उतप्रेरित गर्न बजेटमा आवश्यक व्यवस्था गरिने छ ।

४. संघिय सरकार, प्रदेश सरकार र स्थानिय सरकारले अवलम्बन गरेको प्रशासनीक संरचनाको मापदण्ड बनाई कार्यनिवयनमा ल्याईने छ ।

५. सेवा प्रयोजनका लागि आवश्यक पर्ने कर्मचारीहरुको संगठित संरचना एवं ढाँचा दरबन्दी निर्धारण र कार्यविवरण तयार गरी कार्यान्वयनमा ल्याईने छ ।

६. गाउँपालिकामा कार्यरत कर्मचारीहरुको क्षमता अभिबृद्धि गर्न सेवाकालीन तालिमको व्यवस्था गरिने छ ।

७. कार्यालयको मर्यादा र नैकतिकतामा नरहने र कार्यालय समयमा सेवा प्रवाहमा लापरवाही गर्ने कर्मचारीहरुको कार्यसम्पादन तथा बृती विकास सोही बमोजिम मुल्याङ्कन गरिने छ ।

**सूचना प्रविधि**

१. गुनासो सुनुवाई तथा Help Desk लाई व्यवस्थित गरिने छ ।
२. सूचना प्रवाहमा एकद्वार प्रणालि अपनाईने छ ।
३. सूचनासंग सम्बन्धित प्रविधिलाई व्यवस्थित गरिने छ ।
४.

**वित्तिय जोखिम र आन्तरिक लेखा परिक्षण**

१. लेखा प्रणालिलाई नियमितता मितव्ययिता र औचित्यताको आधारमा व्यवस्थित गरिने छ ।
२. वित्तिय जोखिम न्यूनिकरण गरिने छ ।
३. आन्तरिक लेखा परिक्षण कार्यमा विशेष जोड दिई यस शाखालाई व्यवस्थित गरिने छ ।

**वातावरण तथा विपद व्यवस्थापन तर्फः**

१. गाउँपालिका भित्रका पाँचवटै वडाहरुलाई सुन्दर सफा हरियाली बनाउन वातावरण प्रदर्शन, वन पैदावार तथा बृक्षारोपण सम्बन्धी विभिन्न कार्यक्रमहरु सञ्चालन गरि स्वच्छ सफा बेलडाँडीको सपना साकार पार्ने नीति अवलम्बन गरिएको छ ।
२. गरिब, दलित , अल्पसंख्यक तथा पिछडिएका महिलाहरुलाई चेतना मुलक तालीम संचालन गरी वातावरण परिवर्तन रोकथामका विभिन्न पक्षका बारेमा ज्ञान दिई वातावरण संरक्षणमा योगदान पुर्याउने लक्ष्य लिएको छ साथै विपद पूर्वतयारी , विपदका वेला घट्ने घटना बिपद सकिए पश्चात गरिने क्रियाकलाप जस्तै उद्धार, राहत वितरण, घाइतेको उपचार आदिको लागि आवश्यक जनशक्ति सामग्रीहरु तयार अवस्थामा राखे प्रयास गरिएको छ ।
३. गाउँपालिका स्थल देखि समुदाय स्तरसम्म विपत विपत व्यवस्थापन समितिहरुलाई तालिम तथा अन्तरक्रिया साथै बैठक आदिको व्यवस्था गरिने छ ।

५. बेलडाँडी गाउँपालिका अन्तर्गत रहेका डुवान हुने क्षेत्रहरुको विपद पुर्व तयारीमा जोड तथा राहतकोष स्थापना ।

**समावेशी बिकास कार्यक्रमका नीति तथा कार्यक्रमः**

१. अपाङ्गता भएका व्यक्तिहरूको परिचयपत्र वितरण प्रणालीलाई सर्वसुलभ र न्यायसंगत गरिनेछ ।
२. सार्वजनिक भौतिक संरचना तथा सञ्चार सेवालाई पहुँचयुक्त र अपाङ्गतामैत्री बनाइनेछ ।
३. ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्ति, दलित समुदायका परिवारहरूलाई दिइँदै आएको सामाजिक सुरक्षा भत्ता सहज तथा समयमै उपलब्ध गराउने व्यवस्था गरिनेछ ।
४. अपाङ्गताको आधारमा हुने सम्पूर्ण भेदभावहरूको अन्त्यका लागि शिक्षा, स्वास्थ्य, रोजगारीका अवसरहरूमा सहज पहुँच बढाई अपाङ्गता भएका व्यक्तिहरूको जीवनस्तरमा सुधार गर्ने ।
५. अपाङ्गता भएका व्यक्तिहरूका लागि भौतिक संरचना तथा सञ्चार सेवालाई पहुँचयुक्त बनाउन आवश्यक चेतनामूलक र पैरवी कार्यक्रम सञ्चालन गरिने छ ।

CamScanner

६. अपाङ्गता पुनरुथापना केन्द्रहरूको स्थापना गरी बौद्धिक अपाङ्गता, अटिज्म भएका, पूर्ण र अति अशक्त अपाङ्गता भएका बेसहारा व्यक्तिहरूका लागि गैरसरकारी सङ्घसंस्था एवम् निजी क्षेत्रसँगको साझेदारीमा पुनरुथापना केन्द्रको स्थापना र विस्तार गर्दै लगिनेछ ।

७. अपाङ्गता भएका व्यक्तिहरूको लागि शिक्षा तथा स्वास्थ्य सेवाहरूको व्यवस्थापन गर्न सामाजिक सङ्घ संस्थाहरूको सहभागितालाई प्रोत्साहन गरिनेछ ।

८. अपाङ्गताको प्रकृतिअनुसार सीपमूलक र व्यावसायिक तालिम प्रदान गरी रोजगारीका अवसरहरूमा पहुँच विस्तार तथा स्वरोजगारीका अवसरहरू सिर्जना गरिनेछ ।

९. विभिन्न स्वास्थ्य कर्मीहरुलाई अपांगता पहिचान संवन्धि तालिम सञ्चालन गरिनेछ ।

१०. समुदायमा आधारित पुनरुथापना कार्यक्रमलाई स्थानीय निकायहरू तथा सरोकारवाला निकायको समन्वयमा थप प्रभावकारी बनाइनेछ ।

११. समावेशी विकासलाई अपनत्व लिदै निरन्तरता दिइनेछ ।

१२. अपाङ्गता भएका व्यक्तिहरूको अधिकार संरक्षण र सचेतनामूलक कार्यहरू सञ्चालन गरिनेछ ।

१३. ज्येष्ठ नागरिकप्रति सम्मान अभिवृद्धि गर्न समुदाय स्तरसम्म सचेतनाका कार्यक्रम सञ्चालन गरिनेछ ।

१४. सार्वजनिक प्रयोगका साधन र भौतिक संरचनाहरूलाई क्रमशः अपाङ्गता भएका र ज्येष्ठ नागरिक मैत्री बनाइनेछ।

१५. बालबालिकाको समग्र अधिकारहरूको संरक्षण र प्रवद्र्धन गर्ने ।

१६. बालबालिका तथा किशोरकिशोरी उपर हुने सवै प्रकारका हिंसा र दुव्र्यवहारहरूलाई उन्मूलन गर्ने ।

१७. एचआईभी एड्स सङ्क्रमित बालबालिका तथा किशोरकिशोरीको स्वास्थ्य सेवामा सहज पहुँच बनाइनेछ ।

१८. बालबालिकाहरूको जन्मदर्तालाई अनिवार्य गरी प्रारम्भिक बालविकास प्रणालीलाई व्यवस्थित गरिनेछ ।

१९. अपाङ्गता भएका व्यक्तिहरूको समिति र समुह सञ्चालन र परिचालनमा स्थानीय निकायबाट सहयोग पुर्‍याइनेछ ।

२०. बालसंरक्षण समिति र बालक्लब सञ्चालन र परिचालनमा स्थानीय निकायबाट सहयोग पुर्‍याइनेछ ।

२१. खानेपानी गुणस्तर सुधारका लागि खानेपानी सुरक्षा योजना, पानी प्रशोधन प्रविधिलगायतका गुणस्तर सुधारसम्वन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

२२. खानेपानी आयोजनामा आवद्ध सरसफाइ कार्यक्रम, बेलडाँडी गाउँ पालिकाका सामाजिक, सांस्कृतिक तथा पर्यटकीय महत्वका नदीनाला, तालतलैया र पानीका स्रोतहरूको वातावरणीय व्यवस्थापन कार्यक्रम सञ्चालन गरिनेछ ।

२३. सबै वजार क्षेत्रहरूमा एकीकृत रूपमा खानेपानी तथा ढल निकासका कार्यक्रमहरू सञ्चालन ।

२४. सार्वजनिक स्थान र सरकारी कार्यालयहरूमा सफा शौचालय कार्यक्रम ।

२५. सार्वजनिक शौचालय निर्माण तथा व्यवस्थापन सहयोग गरिनेछ ।

२६. एक घर एक शौचालय सवलीकरण गर्ने ।

२७. खानेपानी, सरसफाइ र स्वच्छतासम्बन्धी नीति तथा कार्ययोजना तर्जुमा गरिनेछ ।

२८. बेलडाँडी गा.पा. लाई शुन्य कम उमेरका गर्भवती गा.पा.घोषणा, पूर्ण खोप सुनिश्चितता,पूर्ण पोषण युक्त गा.पा. घोषणा,पूर्ण संस्थागत सुत्केरी युक्त गा.पा. को दिगोपन तथा निरन्तरता,खुल्ला दिशामुक्त गा.पा. घोषणाको दिगोपन तथा सुनिश्चितता,बाल विवाह शुन्य गा.पा. घोषणा कार्यक्रमलाई अभियानको रुपमा संचालन गरीनेछ ।

२९. बेलडाँडी गा.पा. लाई शुन्य कुष्ठरोग युक्त गा.पा. को दिगोपन तथा निरन्तरता गरीने छ ।

३०. पुरिस्कृत खानेपानी सरसफाई तथा स्वच्छता कार्यक्रम लागू गरीने छ ।

३१. गुणस्तरीय स्वास्थ्य सेवामा सवैको पहुच पुरयाउन स्वास्थ्य,सामाजिक सुरक्षा, स्वास्थ्य विमा कार्यक्रम संचालन गरी स्वास्थ्य सेवालाई समावेशी र समन्यायिक वनाई क्रमशः सम्पूर्ण स्वास्थ्य सेवा प्रदान गरीदै लगीने छ र पूर्ण विमित गा.पा. घोषणाको नीति अवलम्वन गरीने छ ।

३२. कुपोषण न्यूनीकरण, रोकथाम ,नियन्त्रण र व्यवस्थापनको कार्यक्रमहरु व्यापक रुपमा संचालन गरीने छ र बहुक्षेत्रिय पोषण योजनाको प्रभावकारी कार्यान्वयन गरीने छ ।

३३. निःशुल्क आधारभुत स्वास्थ्य र सुरक्षित मातृत्व एवं प्रसुती सेवालाई अभियानको रुपमा संचालन गरिने छ ।

३४. खोप सेवालाई अभियानको रुपमा संचालन गरिने छ ।

३५. स्वास्थ्य क्षेत्रका जनशक्ती र म.स्वा.स्व.से., आमा समुह ,किशोर किशारी स्वा समुहको कार्यमूलक तालिम प्रदान गरीक्षमता विकास र स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको स्तर अभिवृद्धि गरी सेवा प्रवाहलाई प्रभावकारी वनाइने छ ।

३६. स्वास्थ्यमा नयां वन्ने भौतिक संरचना सेवाग्राहीक मैत्री वनाउने र भैरहेका संरचनाहरु सुधार गरिने छ ।

३७. विद्यालय बाहिर रहेका बालबालिकालाइ विद्यालयमा ल्याउने ।

३८. सानो र गुणस्तरीय परिवारलाई प्रवद्र्धन गर्न जनसङ्ख्या, प्रजनन स्वास्थ्य र शिशु तथा बालस्वास्थ्यसम्बन्धी जनचेतना अभिवृद्धि गरिनेछ ।

३९. परिवार नियोजनका साधनको प्रयोग, प्रजनन स्वास्थ्य र शिशु तथा बाल स्वास्थ्यसम्बन्धीकार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गरिनेछ ।

४०. जनसङ्ख्या, विकास र वातावरणबीचको अन्तरसम्बन्ध बारेमा अध्ययन, अनुसन्धान र विश्लेषणगरी नीति निर्माण र कार्यक्रम तर्जुमाका लागि सरोकारवाला निकायहरूलाई पृष्ठपोषण गरिनेछ ।

सभाका सदस्यज्युहरु,

हामीले जनता वीचमा जाहेर गरेका प्रतिबद्धता तथा सबै विकास र जनजीवनका सवालहरुलाई यथोचित विकास गर्दै बेलडाँडी गाउँपालिका लाई समृद्ध र समुन्नत रुपमा रुपान्तरण गरी नगरपालिकाको रुपमा विकास गर्न प्रतिवद्ध छौं । हाम्रो यस कदममा आम सचेत नागरिकको रचनात्मक सल्लाह , सुझाव र सहयोगको अपेक्षा राख्दछौ । यस गाउँपालिकाको विकास गर्न सकेमा हामी सबैको विकास हुने भएकाले तपाई दत्त चित्त भई आग्रह पूर्वाग्रह राजनीतिक स्वार्थलाई थाती राखी गाउँपालिकाको समग्र विकासमा लाग्न सबैमा हार्दिकता पुर्वक अनुरोध गर्दछौं र अन्त्यमा आर्थिक वर्ष २०७९/०८० को नीति कार्यक्रम योजना तथा बजेट

CamScanner

कार्यान्वयनमा लाग्नुहुने जनप्रतिनिधि साथीहरु ,कर्मचारी मित्रहरु तथा आम नांगरिकमा हार्दिक धन्यवाद ज्ञापन गर्दछौं । यस आर्थिक बर्ष २०७९/०८० कार्यक्रम तथा आयोजनाहरूको कार्यान्वयन गर्न बजेट बिनियोजन गरी कार्यक्रम सञ्चालन गरिनेछ । यस वर्षको नीति, कार्यक्रम , योजना र बजेट कार्यान्वयनमा यहाँहरूको अझ बढी सहयोग र कृयासिलता अपेक्षा गर्दछु । नीति कार्यक्रम हरु सँग सम्बन्धित बजेट यस कार्यक्रमको अर्को सत्रमा प्रस्तुत गरिनेछ यस नीति तथा कार्यक्रम तर्जुमा गर्न सहयोग गर्नुहुने सबै महानुभावहरुलाई हार्दिक धन्यवाद गर्दछु ।

धन्यवाद !

प्रस्तुतकर्ता
हरिश चन्द्र राना
गाउँपालिका अध्यक्ष